भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बहुआयमिकता : एक विश्लेषण



लोक मान सिंह कार्की
प्रमुख आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल

माघ, २०७१

An Analysis on Current Dynamics of CIAA for Combating Corruption in Nepal



Lok Maan Singh Karki
Chief Commissioner

Commission for the Investigation of Abuse of Authority
Kathmandu, Nepal

February 2015

भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बहुआयमिकता : एक विश्लेषण

लोक मान सिंह कार्की
प्रमुख आयुक्त
अख्तियार दुरूपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
माघ, २०७१

१. नेपालमा भ्रष्टाचारको अवस्थाः तुलनात्मक विश्लेषण

नेपालको सन्दर्भमा ऐतिहासिक कालखण्डदेखि नै भ्रष्टाचारलाई एक सामाजिक अपराधको रुपमा लिईदै आएको पाइन्छ। राष्ट्रनिर्माता पृथ्वी नारायण शाहको दिव्य उपदेशमा उल्लिखित "घुस दिन्या र लिन्या देशका महान शत्रु हुन्, यिनको ज्यान लिया पनि पाप लाग्दैन" भन्ने भनाईबाट भ्रष्टाचार तत्कालीन अवस्थामा पनि विद्यमान रहेको अनुमान गर्न सकिन्छ। यसको साथै भ्रष्टाचारले जनताको सामाजिक तथा आर्थिक जीवनमा पार्ने नकारात्मक प्रभावप्रति त्यस बेलाका शासकहरू सजग रहेको कुरा समेत संकेत गर्दछ। त्यसैगरी मुलुकी ऐनमा रहेको 'हाकिमका नाममा कराउने' प्रावधानबाट भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि विगतदेखि नै कुनै न कुनै रुपमा कानुनी व्यवस्था समेत रहेको देखिन्छ।

विगतदेखि हालसम्मको सन्दर्भको सामान्य चित्रण गर्दा भ्रष्टाचारका स्वरुप र तरिकामा धेरै परिवर्तन आएको देखिन्छ। विगतमा भ्रष्टाचारजन्य कार्यमा व्यक्तिको बढी संलग्नता रहने र व्यक्तिगत लेनदेनमा सीमित रहन्थ्यो भने हाल भ्रष्टाचारले संस्थागत रुप लिदै गएको छ। शासन प्रणाली बढी केन्द्रिकृत रहेको अवस्थामा अधिकार र जिम्मेवारी केन्द्रमा सीमित रहने हुँदा भ्रष्टाचारजन्य कार्यको फैलावट केन्द्रमा बढी थियो। तर शासनमा नागरिक सहभागिता अभिवृद्धि गर्न विकेन्द्रित प्रणालीको अवलम्बन गरिएपनि जिम्मेवार र जवाफदेही संयन्त्र तथा उपयुक्त पद्धतिको विकास हुन नसक्दा भ्रंष्टाचार र अनियमितता पनि विकेन्द्रित हुदै गएको देखिएको छ। सूचना प्रविधिको विकाससँगै भ्रष्टाचारजन्य कार्यको अनुसन्धान तहकिकातमा त्यसको प्रयोगले केही सहजता ल्याएको भएपनि यसले भ्रष्टाचार गर्ने शैली र तरिकामा विविधता र जटिलताहरू समेत थपेको छ।

ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा सन् २०१३ मा प्रकाशित 'ग्लोबल करप्सन ब्यारोमिटर' प्रतिवेदन अनुसार ७२ प्रतिशत मानिसले नेपालमा अघिल्लो

बर्षभन्दा भ्रष्टाचार बढेको बताएका थिए। सन् २०११ को सर्वेक्षणमा ६३ प्रतिशत मानिसले भ्रष्टाचार बढेको अभिमत दिएका थिए। नेपालमा विगतदेखि नै भ्रष्टाचारलाई समस्याको रुपमा पहिचान गरिएको भएपनि पछिल्ला दिनमा भ्रष्टाचारको आयाम र तिव्रतामा समेत धेरै परिवर्तन देखिएको छ। यसरी समय सन्दर्भसँगै भ्रष्टाचारको स्वरुप र तरिकामा परिवर्तन हुनमा विभिन्न तत्वहरू जिम्मेवार रहेका छन्। एकातिर विगत लामो समयदेखि विद्यमान राजनीतिक अस्थिरता र लम्बिदो राजनीतिक संक्रमणका कारण मुलुकका सरकारी संयन्त्रहरू दिनानुदिन कमजोर बन्दै गएको पाईएको छ भने अर्कोतिर राजनीतिक अस्थिरताले भ्रष्टाचारको समस्या झन विकराल बन्दै गएको तथ्यलाई समेत नकार्न सकिने अवस्था छैन। विगत २४ वर्षको अवधि (विं.सं. २०४६-२०७०) मा नेपालमा २३ पटक मुलुकको प्रधानमन्त्री परिवर्तन हुनुले राजनीतिक अस्थिरताको यथार्थ चित्रण गर्दछ। राजनीतिक अस्थिरताका कारण राज्यको विकास नीतिमा पटक पटक परिवर्तन हुने तथा नागरिक सेवा र विकास कार्यक्रमहरू समयमा कार्यान्वियन हुन नसकेको अवस्थाप्रति हामी अनभिज्ञ छैनौ।

यसैगरी एक दशकभन्दा बढी समयसम्म मुलुकमा चलेको आन्तरिक द्वन्दबाट कतिपय भौतिक संरचनाहरू ध्वस्त हुनका साथै मुलुकको विकास प्रक्रिया पछाडि धकेलिएको भन्ने आमबुझाईप्रति विश्वस्त हुनसकिने केही आधारहरू समेत छन्। यसका अतिरिक्त आन्तरिक द्वन्दको चपेटामा परी हामीले भोगेको विगत र तितो यथार्थको हामी स्वयं नै साक्षी छौ। आन्तरिक द्वन्दका कारण एकातिर मुलुकको शासकीय क्षमतामा ह्रास आएको र यसबाट दण्डहीनता समेत बढेको आम बुझाई छ। त्यसैगरी नागरिक सेवा प्रवाह गर्ने कतिपय सरकारी संयन्त्रहरू सुरक्षाको कारण जिल्ला सदरमुकाममा केन्द्रित हुँदा सेवा प्राप्त गर्ने प्रक्रियामा आमनागरिकले भोग्नुपरेका विभिन्न सास्ती र कठिनाईहरूसँगै राज्यका निकाय र नागरिकबीचको दुरी पनि बढ्दै गएको छ।

मानव शरीरमा प्रतिरक्षा प्रणाली कमजोर भएपछि विभिन्न किसिमका रोगहरूको संक्रमण बढ्ने संभावना भएजस्तै राज्यको शासकीय क्षमता कमजोर भएपछि दण्डहीनता बढ्ने र भ्रष्टाचार तथा अनियमित कार्यहरू समेत विस्तार हुने संभावना बढी हुन्छ। त्यसैले नेपालमा विगतको विषम परिस्थिति र लम्बिदो राजनीतिक संक्रमणका कारण भ्रष्टाचारले अझ मौलाउने अवसर पाएको अनुमान गर्न सकिने प्रसस्त आधारहरू हाम्रो सामु छन्। लामो समयसम्म स्थानीय निकायहरू जनप्रतिनिधिविहीन हुँदा ती निकायहरू निजामती कर्मचारीको जिम्मामा संचालन हुँदै आएका छन्। यसबाट स्थानिय निकायहरूमा साधन र श्रोतको प्राप्ती, विनियोजन एवम् परिचालनका साथै सेवा प्रवाह र विकास निर्माण कार्य समेत प्रभावित भएको पाईएको छ।

वर्तमान सन्दर्भमा राज्यका कुनैपनि निकाय वा क्षेत्रहरू भ्रष्टाचारको दुष्प्रभावबाट मुक्त हुन नसकेको आभाष मिल्छ। यसरी दिनानुदिन बढ्दै गएको भ्रष्टाचारका कारण आम नागरिकहरू शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा लगायतका आधारभूत सेवा सुविधा उपभोग गर्नबाट बञ्चित हुनुपरेको अवस्था छ। यसका अलावा आर्थिक असमानता र सामाजिक विभेदका साथै श्रोत साधनको दुरुपयोग बढेको कारण सन्तुलित र समन्यायिक विकास एवम् मुलुकको समृद्धितर्फको गन्तव्यमा अवरोध सिर्जना भएको छ।

यसैले हाम्रो सन्दर्भमा विभिन्न प्रयासका बावजुद् पनि गरिबी र पछौटेपनबाट छुटकारा पाउन नसक्नु विकास प्रयासका लागि विनियोजित र परिचालित श्रोत साधनको समुचित उपयोगको अभाव हो भन्न सकिन्छ। राज्य अन्तर्गतका निकाय र पदाधिकारीहरूको गैरजिम्मेवारीपनाका कारण केही सीमित वर्ग र समूहका व्यक्तिहरूको पकडमा राज्यप्रणाली र यसका गतिविधिहरू संचालन हुने अवस्था विद्यमान छ भने यसबाट सर्वसाधारण नागरिकहरू सदियौंदेखि प्रताडित हुनुपरेको यथार्थता छ। त्यसैले

मुलुकका करिब तीन करोड नेपाली जनतालाई भ्रष्टाचारको दुष्प्रभावबाट मुक्त राख्नु नै सुशासन र आर्थिक समृद्धि तर्फको पहिलो फड्को हो भन्नु अतिशयोक्ति नहोला।

२. अख्तियार दुरुपयोग अनुसनधान आयोग: स्थापनादेखि हालसम्म

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ मा भएको व्यवस्था बमोजिम हालको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन भएको हो। नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि स्वतन्त्र संवैधानिक निकायको रुपमा गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न ऐतिहासिक सन्दर्भहरू पार गर्दै आएको छ। आयोगको ऐतिहासिक पक्ष हेर्दा वि.सं. २०३२ मा तत्कालीन नेपालको संविधान २०१९ को दोश्रो संसोधनले व्यवस्था गरे बमोजिम अख्तियार दुरुपयोग निवारण आयोगको स्थापना भएको थियो। २०४६ सालमा एकदलीय पञ्चायती व्यवस्थाको सट्टा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको शुरुवातसँगै जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले तत्कालीन अख्तियार दुरुपयोग निवारण आयोगलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रुपमा स्थापना गर्ने व्यवस्था गरेको थियो। हुनत विविध कालखण्ड र सन्दर्भमा स्थापना भएको अख्तियार दुरुपयोग निवारण आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यादेश मूलतः भ्रष्टाचार नियन्त्रण गर्ने भएपनि अख्तियार दुरुपयोग निवारण आयोगले भ्रष्टाचारजन्य कार्यको अनुसन्धान तहकिकात र अभियोजन गर्नका साथै सजाय प्रस्ताव गर्ने समेत कार्य गर्दथ्यो। यस



आधारमा अख्तियार दुरुपयोग निवारण आयोगलाई हालको अख्तियार दुरुपयोग अनुसन्धान आयोगभन्दा बढी अधिकार दिईएको देखिन्छ। तर विगतको अभ्यासबाट पाठ सिक्दै नियन्त्रण र सन्तुलनको आधारभूत मान्यतालाई आत्मसात् गरी वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको शुरुवात भएपछि आयोगलाई अनुसन्धान तहकिकात र अभियोजन सम्बन्धी कार्य मात्र दिइएको छ भने न्यायिक निरुपणको लागि छुट्टै कार्यादेश र अधिकारक्षेत्र सहित विशेष अदालतको स्थापना गरिएको छ।

अन्तरिम संविधानमा भएको व्यवस्था बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पदधारण गरेको व्यक्ति वा निकायले गर्ने वा गर्नसक्ने अधिकारको दुरुपयोग अन्तर्गत अनुचित कार्य र भ्रष्टाचारजन्य कार्यको अनुसन्धान तहकिकात गर्दछ। केही सार्वजनिक पदाधिकारी र निकायहरूबाट हुनसक्ने भ्रष्टाचार र अनुचित कार्यको कारवाहीको लागि संविधानले नै छुट्टै व्यवस्था गरेको कारण ती निकायहरू भने आयोगको क्षेत्राधिकारभन्दा बाहिर रहेका छन्।

आयोगको काम, कर्तव्य र अधिकार



नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० बमोजिम आयोगले सार्वजनिक निकाय वा पदाधिकारी वा कर्मचारीहरूबाट हुने वा हुनसक्ने अधिकारको दुरुपयोग अन्तर्गत अनुचित कार्य र भ्रष्टाचारजन्य कार्यको अनुसन्धान तहकिकात सम्वन्धी कार्य गर्ने व्यवस्था छ। खास ऐनले छुट्टै व्यवस्था गरेको सार्वजनिक पदाधिकारी वा

कर्मचारीको हकमा सोही बमोजिम हुने अवस्था बाहेक कुनै सार्वजनिक पदाधिकारी वा कर्मचारीले अधिकारको दुरुपयोग गरेको वा भ्रष्टाचारजन्य कार्य गरेको विषयमा त्यस्ता व्यक्ति वा निकायबाट प्रमाण कागजात झिकाउने, सोधपुछ गर्ने तथा आवश्यक अनुसन्धान तहकिकात गर्ने अधिकार आयोगलाई छ।

विद्यमान व्यवस्था अनुसार आयोगले विभिन्न श्रोतहरूबाट उजुरी प्राप्त गर्ने र सूचनाहरू संकलन गर्ने गरेको छ। आम नागरिकबाट प्राप्त उजुरी एवम् संचार माध्यममा प्रसारण र प्रकाशन भएका तथ्यपरक सामाग्री लगायतका विषयहरूमा आयोगले सूचना प्राप्त गर्दछ। हाल आयोगको केन्द्र लगायत ५ क्षेत्रीय कार्यालय र ५ सम्पर्क कार्यालय समेत जम्मा ११ वटा संरचनाहरू विद्यमान छन्। विगत लामो समयसम्म केन्द्रमा मात्र सीमित रहेको संगठनात्मक संरचना विस्तार गरी वि.सं. २०७० आश्विन १ गतेदेखि आयोगका पाँच क्षेत्रीय कार्यालयहरू र पाँच सम्पर्क कार्यालयहरू स्थापना भएका छन्। आयोगको केन्द्रदेखि क्षेत्रीय र सम्पर्क कार्यालयसम्म विस्तार भएका संरचनाहरूमार्फत आम नागरिकहरूको पहुँचलाई सहज बनाउनका साथै जनसरोकारका विषयमा आयोगलाई सूचना दिन र उजुरी प्राप्त गर्न सहजता भएको छ।

अन्तरिम संविधानको धारा १२१ बमोजिम आयोगले राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश गर्दछ। उक्त प्रतिवेदनलाई प्रधानमन्त्रीले व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था छ। उक्त प्रतिवेदनमा आयोगले बर्षभरी सम्पादन गरेका कार्यहरू तथा भ्रष्टाचार नियन्त्रणका लागि अवलम्बन गर्नुपर्ने सुधारका उपायहरूबारे सरकारलाई दिइने सुझाव समेत समावेश गरिएको हुन्छ।

सार्वजनिक पद धारण गरेको व्यक्तिले गर्ने अख्तियारको दुरुपयोगलाई भ्रष्टाचार र अनुचित कार्यको रुपमा विभक्त गरिएको छ। विद्यमान

संविधान तथा सम्बद्ध कानुनले भ्रष्टाचार सम्वन्धी विषयमा आवश्यक अनुसन्धान तहकिकात गरी विशेष अदालतमा मुद्दा दायर गर्ने अधिकार आयोगलाई दिईएको छ भने अनुचित कार्यको सम्बन्धमा सचेत गराउने वा विभागीय कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने व्यवस्था छ। उल्लिखित कार्यक्षेत्र र अधिकारको सन्दर्भलाई विश्लेषण गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अम्बुड्सम्यानको साथै भ्रष्टाचार नियन्त्रण सम्बन्धी नियामक निकायको रुपमा दोहोरो भूमिका निर्वाह गर्दै आएको छ। यस आधारमा संभवतः दक्षिण एशियामा नै एक विशिष्ट प्रकृत्तिको कार्यसम्पादन गर्ने निकायको रुपमा आयोग रहेको देखिन्छ।



मूलतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रणका लागि कानुन कार्यान्वयन गराउने नियामक निकाय हो। नियामक निकायको रुपमा कानुन कार्यान्वयन गराउने कार्यका अतिरिक्त आयोगले भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निरोधात्मक उपायहरू र जनचेतना अभिवृद्धि गर्ने कार्य समेत गर्दै आएको छ। आयोगले सम्पादन गर्ने उक्त कार्यहरूलाई प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक रणनीति अन्तर्गत परिभाषित गरी विभिन्न क्रियाकलापहरू संचालन गरिने व्यवस्था छ। आयोगले अवलम्बन गर्ने उक्त रणनीतिहरू मूलतः भ्रष्टाचार नियन्त्रण सम्बन्धी विश्वव्यापी रुपमा प्रयोगमा ल्याईएका सिद्धान्तहरूसँग सामञ्जस्य हुने गरी तय गरिएका छन्। यिनै रणनीतिको आधारमा आयोगले संवैधानिक रुपमा प्राप्त अधिकार र जिम्मेवारी निर्वाह गर्ने गर्दछ।

भ्रष्टाचारको सम्बन्धमा आयोगले आवश्यक अनुसन्धान र तहकिकात गरी विशेष अदालतमा मुद्दा दायर गर्दछ भने अनुचित कार्यको सन्दर्भमा सचेत गराउने वा विभागीय कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउँछ। आयोगलाई सुम्पिएको जिम्मेवारी निर्वाह गर्न आयोगले नेपाल सरकारको विभिन्न सेवा, समूह र उपसमूहका कर्मचारीहरू आयोगमा पदस्थापना गरी परिचालन गर्ने व्यवस्था छ। यसरी नेपाल सरकारको विभिन्न सेवाबाट कर्मचारीहरू परिचालन गर्ने व्यवस्थाले आयोगमा व्यावसायिक रुपमा दक्ष कर्मचारीको संयोजन हुनसक्ने गुञ्जायस भने छ। यद्यपि कर्मचारीलाई आयोगमा टिकाई राख्न र व्यावसायिक विज्ञता विकास गर्न भने त्यती सहज छैन।

३. आयोगको कार्यसम्पादन तथा सो को प्रभाव विश्लेषण:

आयोगले सार्वजनिक क्षेत्रको भ्रष्टाचार र अनुचित कार्य नियन्त्रणका लागि बहुआयामिक उपायहरू अवलम्बन गर्दै आएको हो। आयोगले भ्रष्टाचार विस्तार हुनुका कारणहरू तथा यसबाट सिर्जना हुनसक्ने समस्या र प्रभाव जस्ता विषयमा आमनागरिकहरूमा चेतना अभिवृद्धि गर्ने एवम् सरोकार पक्ष र नागरिक पहरेदारीलाई ससक्त बनाउनुपर्ने विषयलाई गम्भिरतापूर्वक लिई सो अनुरुपका कार्यक्रमहरू संचालन गर्दै आएको छ। यस अतिरिक्त भ्रष्टाचारजन्य कार्यको उजुरी प्राप्त गर्ने, उजुरीका वस्तुगत आधार र तथ्यहरू पहिल्याउने तथा विषयको गाम्भिर्यता र संवेदनशिलता पहिचान गरी अनुसन्धान तहकिकात गर्ने कार्यमा आयोगले सक्रियता देखाउँदै आएको विदितै छ। जुनसुकै सार्वजनिक पदमा आसिन पदाधिकारी वा कर्मचारी भएपनि गैरकानुनी तवरले अख्तियारको दुरुपयोग गरेको विषयमा त्यस्ता व्यक्तिलाई कारवाहीको दायरामा ल्याउनमा आयोगले उपचारात्मक उपाय अवलम्बन गर्दछ जुन आयोगको प्रमुख कार्यगत रणनीति हो।

हुनत भ्रष्टाचार जुनसुकै क्षेत्र र परिमाणमा भएपनि अक्षम्य अपराध हो; यद्यपि आयोगको क्षमता र आमनागरिकको अपेक्षा अनुरुप आयोगले

खासगरी बृहत समुदायलाई असर पार्ने र आम नागरिकको सरोकारसँग जोडिएका विषयहरूमा बढी ध्यान केन्द्रित गरेको छ। यसैलाई मध्यनजर राखी आयोगले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार निर्माण, वैदेशिक रोजगारी, स्थानीय निकाय लगायत सामाजिक सुरक्षा भत्ता वितरण आदि क्षेत्रमा देखिएका विकृति र अनियमितता नियन्त्रणका लागि विभिन्न उपायहरूलाई थप ससक्त बनाएको छ।

भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी तोकिएका आयोग जस्ता निकायको प्रभावकारिताको मूल्यांकन गर्नु आफैमा जटिल कार्य हो। यस्ता निकायहरूको कार्यगत संवेदनशीलताका कारण कतिपय विषयहरूमा अपेक्षित नतिजा प्राप्त गर्न लामो समय लाग्ने संभावना हुन्छ। त्यसैगरी आयोगको अनुसन्धान तहकिकात पश्चात अभियोजन गरिएको विषयमा अदालतबाट फैसला हुन समय लाग्ने हुनाले तुरुन्त नतिजाको आँकलन गर्न सकिने अवस्था समेत रहदैन। त्यसैले कतिपय सन्दर्भमा आयोगको कार्यसम्पादनको प्रभावकारिता र नतिजाको शिघ्रतालाई लिएर आलोचनाहरू हुनु अस्वभाविक होइन। यसका अतिरिक्त आयोग जस्ता निकायले कार्यसम्पादन गर्दा केही विरोधाभासपूर्ण तर्कहरूको समेत सामना गर्नुपर्ने अवस्था समेत देखा पर्नसक्छ। यदि ठूला भ्रष्टाचारका घटनाहरूमा केन्द्रित हुने हो भने राजनीतिक रुपमा पक्ष विपक्षका तर्कहरूले ठाउँ पाउँछन् भने स-साना भ्रष्टाचारका घटनाहरूमा केन्द्रित हुने हो भने यस्ता निकायहरूको कार्यसम्पादन प्रभावकारी हुन नसकेको आरोप लाग्न सक्दछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि यस किसिमका आलोचनाहरूबाट मुक्त हुनसकेको छैन। ठूलो परिमाणको भ्रष्टाचारको दुष्प्रभाव बढी हुनेमा शंका छैन तथापि भ्रष्टाचारको प्रवृत्ति नै बढी संक्रामक हुने हुनाले त्यसको नियन्त्रणतर्फ बढी सजग र सक्रिय हुनुपर्ने कुरालाई भने बिर्सनु हुँदैन। त्यसैले भ्रष्टाचारजन्य कार्य ठूलो वा सानो भन्दा पनि यत्रतत्र व्याप्त भ्रष्ट मनोवृत्तिले विधिको शासन, मानव अधिकार र समन्यायिक विकासमा बाधा पुऱ्याउने हुनाले यसतर्फ बढी केन्द्रित हुनुपरेको यथार्थता समेत हामीले

भुल्न हुदैन। माथि उल्लेख गरिएझैं अन्य मुलुकको सन्दर्भमा समेत अनुभूत गरिएका आयोग जस्ता निकायको कार्यगत द्विविधा र आलोचनालाई चिर्दै ठूलो परिमाणका भ्रष्टाचारजन्य कार्यबारे तथ्यपरक सूचना प्राप्त गर्ने र त्यस्ता भ्रष्टाचारजन्य कार्यलाई कारवाहीको दायरामा ल्याई आलोचकहरू समक्ष आयोगको औचित्यतता र कार्यसम्पादनको प्रभावकारिता सिद्ध गर्नु यक्ष प्रश्नको रुपमा खडा भएको छ।

भ्रष्टाचारजन्य कार्यलाई परिमाणमा आँकलन गरेर कारवाहीको प्रक्रियालाई तिव्रता दिनेभन्दा पनि भ्रष्टाचारको शुरुवात र विस्तार हुने कारणहरू पहिचान गर्ने र संभावित जोखिमहरू पहिल्याई तिनको नियन्त्रणतर्फ जोड दिनु उपयुक्त हुन्छ। परिमाणात्मक आधारमा ठूलो वा सानो परिमाणको भ्रष्टाचारको सिमांकन गर्ने विषय आफैंमा चुनौतिपूर्ण छ। भ्रष्टाचार नियन्त्रण कार्यमा केवल परिमाण र आयतनको विषय भन्दा पनि कारवाहीको परिणामस्वरुप जनमानसमा परेको प्रभाव र समग्र पद्धतिमा देखिएको सुधार जस्ता पक्षहरूको वस्तुगत मूल्यांकन गर्नु सान्दर्भिक हुन्छ।

आयोगको काम कारवाहीलाई लिएर केही स्वार्थ समूहहरूबाट अनावश्यक प्रतिरोध गर्ने प्रवृत्ति समेत देखिएको छ। यस्तो संगठित प्रतिवादको संस्कृतिले दण्डहीनता र कुशासनलाई प्रश्रय दिने कुरामा शंका छैन। केही सीमित वर्ग वा समूहका व्यक्तिहरूले कानुन हातमा लिई स्वेच्छाचारी रुपमा राज्यका निकायहरूको संचालन गर्न खोज्नु र आम जनताको हक र हितमा परिचालन हुनुपर्ने श्रोत साधन दुरुपयोग गर्नु कदापि क्षम्य हुदैन। यस्ता प्रवृत्तिले मुलुकमा शान्ति, स्थायित्व र सुशासनलाई नै कमजोर बनाउने कुरामा शंका छैन। त्यसैले विद्यमान कानुन, विधि र पद्धतिको परिपालनामा जोड दिई बहुजनको हित अभिवृद्धि गर्नेतर्फ नै हाम्रा प्रयासहरू केन्द्रित हुनुपर्दछ।

आयोगको सक्रियता र निगरानीको कारण अनावश्यक हस्तक्षेप हुनगई विकास निर्माण कार्यले गति लिन नसकेको भन्ने आधारहीन आरोपहरू

पनि लाग्ने गरेका छन्। भ्रष्टाचार र अनियमित कार्य नियन्त्रण गरी सार्वजनिक श्रोतको सदुपयोग सुनिश्चित गर्ने दायित्व आयोगसँग छ। मुलुकको सामाजिक आर्थिक विकास आयोगको समेत चासो र चाहनाको विषय हो। आयोग विकास प्रक्रियाको बाधक होइन कि सहजकर्ता हो। यद्यपि मुलुकको विकास प्रक्रियाले अपेक्षित गति लिन नसक्नुको कारण खोजी गरेको विषयलाई लिएर आयोगले विकास प्रक्रियामा हस्तक्षेप गरेको वा गतिरोध सिर्जना गरेको भन्ने आरोप लगाउनु कदापि शोभनीय हुदैन। आयोगमाथि यस्ता आधारहीन आलोचना र निराधार आरोप लाग्नु पक्कै सुखद पक्ष होइन।

आयोगले खासगरी विद्यमान कानुन र पद्धतिको दुरुपयोग गर्ने तथा निर्धारित जिम्मेवारी पुरा नगर्ने पदाधिकारी र कर्मचारीहरूलाई कारवाहीको दायरामा ल्याउने कार्यलाई अझ सशक्त बनाउन हरतरहले प्रयासहरू गर्दै रहनेछ। आमनागरिकको हितका लागि विद्यमान कानुनको परिधिभित्र रही असल नियतले जिम्मेवारी निर्वाह गर्ने सार्वजनिक पदाधिकारी र कर्मचारीहरू आयोगको काम कारवाहीबाट हतास हुन नपरोस् भन्नेतर्फ आयोग सजग छ।

भ्रष्टाचार नियन्त्रणमार्फत सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने आयोगको मूल ध्येय हो र यसलाई आयोगले हरदम प्राथमिकता दिदै आएको छ। विद्यमान क्षेत्राधिकार र आयोगको क्षमताको आधारमा आयोगले भ्रष्टाचार र अनियमित कार्यउपरको निगरानीलाई अझ सघन बनाउने विषयमा शंका छैन। भ्रष्टाचार र अनियमितताको कारण नागरिकले प्राप्त गर्ने सेवा सुविधा र विकास निर्माण कार्यमा गतिरोध देखा परेमा आयोगले सो को कारण खोजी दोषीमाथि कारवाही गर्नमा कुनै कसर बाँकी राख्नुहुदैन र राख्ने पनि छैन। पदीय दृष्टिकोणले सानो वा ठूलो जो भएपनि कानुनको बर्खिलाप गर्ने जुनसुकै व्यक्तिलाई कारवाहीको दायरामा ल्याई नागरिकहरूलाई राहत दिन आयोग सदैव तत्पर छ। आम समुदायको

हित नै आयोगको प्रमुख चासो हो भने यसैलाई मध्यनजर राखी आयोगले निष्पक्षता र पारदर्शिताका साथ आफ्नो काम कारवाहीलाई अगाडि बढाई रहेको यथार्थ सबैको सामु छर्लङ्ग छ।

शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा विद्यमान अनियमितता र विकृति नियन्त्रणका लागि आयोगले चालेको सशक्त कदमबाट सदियौंदेखि विद्यमान रहेको अनियमितताको श्रृंखला तोडिएको महसुस गरिएको छ। विगत लामो समयदेखि सरकारी कोषबाट विभिन्न क्षेत्रमा परिचालन भएको रकमको दुरुपयोग गरी अवाञ्छित र गैरकानुनी लाभ लिईरहेका व्यक्तिहरू आयोगको काम कारवाहीबाट हतास भएको पाईएको छ। आयोगले पछिल्ला दिनमा अवलम्वन गरेको रणनीतिबाट यस्ता भ्रष्ट प्रवृत्तिलाई हरतरहले कारवाहीको दायरामा ल्याइने कुरातर्फ संकेत गर्दछ।

भ्रष्टाचारले राज्यको शासकीय क्षमता कमजोर बनाई नागरिकमा सरकारप्रतिको विश्वास पनि क्रमशः कमजोर बन्दै जान्छ। त्यसैले राज्यप्रतिको नागरिक भरोसा अभिवृद्धि गर्न र मुलुकमा सुशासन प्रबर्द्धन गर्न आयोग तल्लिन छ। सार्वजनिक निकाय वा पदाधिकारीले समयमा निर्णय नगर्ने, निर्णय पन्छाउने तथा स्वार्थप्रेरित भई निर्णय गर्ने प्रवृत्ति नियन्त्रणका लागि आयोग निरन्तर प्रयासरत छ। यसै सन्दर्भमा आयोगले निरोधात्मक उपायहरू अन्तर्गत सम्बद्ध पदाधिकारी र कर्मचारीहरूलाई सजग गराउने तथा आ-आफ्नो जिम्मेवारी र जवाफदेहीता बहन गराउनेतर्फ आवश्यक रणनीतिहरू अबलम्वन गर्दै आएको छ। आयोगले सम्पादन गरेका केही प्रमुख रणनीतिहरू संक्षिप्त रुपमा देहायमा प्रस्तुत गरिएको छ।

३.१ कानुन कार्यान्वयनको अनुगमन तथा नियमन सम्बन्धी भूमिका

सार्वजनिक सरोकारका विषयहरूमा विभिन्न माध्यमहरूमार्फत आम नागरिक, संचार जगत र नागरिक समाजबाट प्राप्त उजुरीहरू नै आयोगको

सूचनाका आधार हुन्। यसकै आधारमा आयोगले अनुसन्धान तहकिकात सम्बन्धि कार्य अघि बढाउँछ। त्यसैले विभिन्न श्रोत र माध्यमबाट प्राप्त गर्ने सूचना, जानकारी तथा उजुरीहरूको आधारमा तथ्यको खोजी, सम्बद्ध प्रमाण कागजात सकलन तथा अनुसन्धान तहकिकात गर्ने अधिकार विद्यमान कानुनले आयोगलाई दिएको छ। यिनै उजुरी र सूचनाको आधारमा नै आयोगले भ्रष्टाचारका संभावित क्षेत्रको पहिचान, तथ्य प्रमाणको संकलन र विश्लेषण गरी नियन्त्रणका लागि उपयुक्त रणनीति अवलम्वन गर्ने हुनाले तथ्यपरक सूचना नै आयोगको कार्यसम्पादन निर्धारणका प्राथमिक आधार हुन् भन्नु अत्युक्ति नहोला। सामान्यतः आयोगमा प्राप्त भएका उजुरीहरूको संख्या, अनुसन्धान पछि विशेष अदालतमा मुद्दा दायर गरिएको संख्या तथा अदालतवाट आयोगको पक्षमा फैसला गरिएको संख्या लगायत अनुचित कार्यको सन्दर्भमा विभागीय कारवाहीका लागि सम्वन्धित निकायमा लेखि पठाईएको संख्या जस्ता आधारमा आयोगको कार्यसम्पादनको विश्लेषण गर्न सकिन्छ।

प्राप्त उजुरी संख्या र सो उपरको कारवाही



विभिन्न श्रोतहरूवाट आयोगमा प्राप्त भएका उजुरीहरूको आधारमा नै आयोगले अनुसन्धान तहकिकात गर्ने हुनाले केही हदसम्म त्यस्ता उजुरीको संख्यामा भएको वृद्धिले आयोगप्रति नागरिकको अपेक्षा समेत प्रतिविम्वित गर्दछ। चित्रमा आ.व. ०४७/०४८ देखि ०७०/७१ सम्म आयोगमा परेका उजुरीहरू संख्यात्मक रुपमा प्रस्तुत गरिएको छ। आयोगमा प्राप्त उजुरी र तिनीहरू

उपरको कारवाहीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थापनादेखि हालसम्मको अवधिमा विभिन्न ४ चरणहरू पार गरेको देख्न सकिन्छ।

आ.व. ०४७/४८ देखि ०५६/५७ सम्म करिब एक दशकको अवधिमा आयोगको कामकारवाही खासै सक्रिय हुन सकेन। यस अवधिमा आयोग सुषुप्त जस्तो अवस्थामा रहेको र आयोगमा पर्ने उजुरीहरूको संख्या पनि न्यून नै रहेको थियो। यसो हुनुको प्रमुख कारण त्यस बेलासम्म यस निकायमा भ्रष्टाचारजन्य कार्य विरुद्ध अनुसन्धान गर्ने पर्याप्त अधिकारको अभाव हो भन्ने अनुमान गर्न सकिन्छ। यस अतिरिक्त भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा विशेष प्रहरी विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रमा अस्पष्टता र दोहोरोपना रहेको कारण पनि आयोगको काम कारवाहीमा सुस्तता देखिएको हुनसक्छ।

वि.सं. ०४८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन जारी भएपछि आयोगलाई थप स्वतन्त्रतापूर्वक कार्य गर्ने मार्ग प्रसस्त गऱ्यो। आ.व. ०५७/५८ देखि ०६२/६३ को अवधिमा नेपालको राजनीतिक अवस्थामा विभिन्न उतारचढावहरू देखिएपनि यसै अवधिमा आयोगले केही ठूला प्रकृतिका भ्रष्टाचारजन्य कार्यमा कारवाही गरेको अवस्थालाई दोश्रो चरणको रुपमा लिन सकिन्छ। तर वि.सं. ०६१ मा गठन भएको शाही आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारलाई संकुचित बनाईदिएका कारण आयोगमा उजुरीको संख्यामा गिरावट आएको अनुमान गर्न सकिन्छ।

आ.व. ०६४/६५ देखि ०६९/७० को अवधिमा आयोगको भुमिका र कार्यक्षेत्रको विषयमा केही अस्थिरता र अस्पष्टता देखापरेको अवस्थालाई तेश्रो चरणको रुपमा लिईएको छ। लम्बिंदो राजनीतिक संक्रमणका कारण लामो समयसम्म आयोगमा पदाधिकारीहरूको नियुक्ति हुन नसक्दा

आयोगको कामकारवाहीमा सुस्तता आएको हुन सक्दछ।

लामो समयसम्म आयोगमा पदाधिकारीको रिक्तता रहेकोमा वि.सं. २०७० बैसाखमा प्रमुख आयुक्त र आयुक्तको नियुक्तिसँगै चौथो चरणको आरम्भ भएको अनुमान गर्न सकिन्छ। यस चरणमा आयोगमा प्राप्त उजुरीको संख्यामा उल्लेख्य वृद्धि भएको छ। आ.व. ०६९/७० आ आयोगमा प्राप्त कूल उजुरी संख्या ११,००० रहेकोमा आ.व. ०७०/७१ मा वृद्धि भई २२,६०२ पुगेको छ। आयोगको २३ बर्षको इतिहासमा एकै वर्ष उजुरीको संख्या दोव्वर भएको यो नै पहिलो पटक हो। यसले आयोगप्रति नागरिकको अपेक्षा बढेकोतर्फ संकेत गर्दछ भने यससँगै आयोगमा चुनौति पनि थपिएको महसुस गरिएको छ।

अघिल्लो वर्ष आयोगको संरचनागत विस्तार भई क्षेत्रीय र सम्पर्क कार्यालयको स्थापना भएपछि आयोगसँगको नागरिक पहुँच सहज भएको छ। यसले पनि आयोगमा प्राप्त हुने उजुरीको संख्यामा वृद्धि भएको हो। विगतदेखि हालसम्म आयोगमा प्राप्त उजुरीको आधारमा नेपालमा खासगरी राजनीतिक अस्थिरता र संक्रमणका समयमा भ्रष्टाचारको मात्रा र परिमाण बढेको संकेत गर्दछ।

त्यसैगरी लामो समयसम्म स्थानीय निकायहरू निर्वाचित जनप्रतिनिधिविहीन रहेको कारण स्थानीयस्तरमा जवाफदेहीता खस्केको छ। सरकार अन्तर्गतका विभिन्न निकायहरूले जिम्मेवारी र जवाफदेही भई कार्य नगर्दा नागरिक सेवा प्रवाह प्रभावित हुनका साथै विकास निर्माण कार्यले समेत गति लिन सकेको छैन। त्यसैले विधिको शासन र सुशासन प्रवर्द्धनका लागि आयोग मात्र एक सशक्त निकाय हो भन्ने जनबुझाई रहेको जस्तो आभाष हुन थालेको छ। यस अर्थमा विविध चुनौति र समस्याका वावजुद पनि आयोगप्रतिको नागरिक अपेक्षा र भरोसालाई सम्बोधन गर्न आयोगले भरमग्दुर प्रयास गरिरहेको छ।

उजुरीको किसिम र प्रकृति

आयोगमा प्राप्त उजुरीको आधारमा संख्यात्मक रुपले सबैभन्दा बढी उजुरीहरू शिक्षा मन्त्रालय र सम्बद्ध निकायसँग सम्बन्धित रहेका छन्। त्यसपछि क्रमशः संघीय मामला तथा स्थानीय विकास मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग सम्बन्धित छन्। विषयगत आधारमा सम्पत्ति मूल्यांकनसँग सम्बन्धित विषयका उजुरी सबैभन्दा बढि रहेका छन् भने त्यसपछि क्रमशः नक्कली शैक्षिक प्रमाण पत्र सम्बन्धी विषयका उजुरीहरू रहेका छन्। यसरी विभिन्न क्षेत्रसँग सम्बन्धित उजुरी संख्याको आधारमा पनि भ्रष्टाचारको फैलावट र जोखिमका क्षेत्र तथा त्यसको सघनताबारे आँकलन गरी सोही अनुरुपको कारवाही अघि बढाउन मद्दत पुग्ने विश्वास लिईएको छ।



अभियोजन

आ.व. २०६९/७० मा आयोगबाट भ्रष्टाचारको अभियोगमा कूल ९३ मुद्दा विशेष अदालतमा दर्ता गरिएकोमा आ.व. २०७०/७१ मा कूल १६८ वटा मुद्दाहरू दर्ता भएका छन्। आयोगमा प्राप्त उजुरीहरूमा भएको वृद्धिसँगै विशेष अदालतमा मुद्दा दर्ता हुने संख्यामा पनि बृद्धि भएको छ।



आ.व. २०६९/७० मा आयोगले विशेष अदालतमा दर्ता गरेका मुद्दाहरूमा करिब ८० प्रतिशत सफलता प्राप्त गरेको छ। सामान्यतः भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा संलग्न आयोग जस्ता निकायको सफलताको औषत ८० प्रतिशत वा सो भन्दा माथि भए त्यसलाई सन्तोषप्रद नै मानिने हुनाले आयोगको सफलताको दर पनि सन्तोषजनक नै रहेको देखिन्छ।

विगो दावी गरिएको रकम

आयोगको अनुसन्धान तहकिकातबाट भ्रष्टाचारजन्य कार्य गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गर्दा दाबी गरिएको विगो रकम अघिल्लो वर्ष रु.५३ करोड ७० लाख रहेकोमा यस वर्ष रु.१ अर्ब ६६ करोड पुगेको छ।



सचेत, विभागीय कारवाही र अन्य कारवाही सम्वन्धी

विद्यमान कानुन बमोजिम सार्वजनिक पद धारण गरेको कुनै पदाधिकारी वा कर्मचारीले अनुचित कार्य गरेको अनुसन्धानबाट प्रमाणित भएमा आयोगले त्यस्ता पदाधिकारी वा कर्मचारीलाई सचेत गराउने वा विभागीय कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ। पछिल्ला दिनमा आयोगले



सार्वजनिक पदाधिकारी र कर्मचारीहरूबाट हुनसक्ने वा भएका अधिकारको दुरुपयोग र अनुचित कार्य नियन्त्रणका लागि समेत सक्रियता देखाएको छ। कानुनतः सार्वजनिक पदाधिकारी वा कर्मचारीले अनुचित कार्य गरेको विषयमा अनुसन्धान तहकिकात गरी दोषी देखिएमा विभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने र सो को अनुगमन गर्ने अधिकार आयोगलाई दिईएको भएपनि आयोगले दिएका सुझावहरूको कार्यान्वयन गर्ने जिम्मेवारी भने सम्बन्धित निकायमा नै भर पर्दछ। वि.सं. २०६४ मा भएको एक अध्ययन अनुसार सार्वजनिक पदाधिकारी र कर्मचारीहरूले गरेका अनुचित कार्यको सम्बन्धमा विभागीय कारवाहीका लागि आयोगले दिएका सुझावहरूमध्ये करिब ४० प्रतिशत मात्र कार्यान्वयन भएको तथ्यांकले देखाएको छ। त्यसैले विभागीय कारवाहीको सम्बन्धमा नेपाल सरकार र आयोगबीच उपयुक्त समन्वय हुनुपर्ने र विभागीय कारवाहीको निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

३.२ निरोधात्मक र प्रवर्द्धनात्मक कार्य अन्तर्गतको भूमिका

भ्रष्टाचार नियन्त्रणका लागि आयोगले उपचारात्मक रणनीतिका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिहरू पनि अवलम्बन गर्दै आएको छ। निरोधात्मक उपाय अन्तर्गत आयोगले सेवा प्रवाह लगायत सार्वजनिक सरोकारका विविध विषयहरूमा सुधारका लागि नेपाल सरकार र अन्य सार्वजनिक निकायहरूलाई सुझाव प्रदान गर्दछ। यसका अतिरिक्त नेपाल सरकारका सबै मन्त्रालयहरूमा रहेका फोकल प्वाइन्टहरूसँग छलफल गर्ने र सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनका लागि ती निकायबाट भएका प्रयासहरूको समिक्षा गर्ने व्यवस्था समेत छ। आयोगबाट विभिन्न निकायहरूलाई दिईएका सुझावहरू कार्यान्वयनको अवस्थाबारे अवगत गर्ने र निर्णयहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न अपनाउनुपर्ने उपायहरूबारे समेत छलफल हुने गरेको छ। यसैगरी आयोगले सेवा प्रवाह प्रक्रियामा सरलीकरण र सहजीकरणका लागि सार्वजनिक निकायहरूबाट

सेवा प्रवाह कार्यविधि तथा निर्देशिकाहरू तयार गर्न लगाउने र तिनको कार्यान्वयनको अनुगमन समेत गर्दछ।

नेपालले भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरिसकेको सन्दर्भमा महासन्धिको उद्देश्य अनुरुपको दायित्व निर्वाह गर्न विद्यमान कानुनी संरचनामा सुधार गर्नुपर्ने देखिन्छ। भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयन रणनीतिका आधारमा नेपालमा २७ वटा विद्यमान कानुनमा संसोधन गर्नुपर्ने र ७ वटा नयाँ कानुनहरू तर्जुमा गर्नुपर्ने हुन्छ। यस विषयलाई ध्यानमा राखी महासन्धिको उद्देश्य र मर्म अनुरुप राष्ट्रिय कानुनहरूमा संसोधन र परिमार्जनका लागि समेत आयोगले आवश्यक पहल गर्दै आएको छ।

सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सरोकारका विषयमा नेपाल सरकारलाई आयोगले दिएका केही सुझावहरू

- वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई सरलीकृत गर्ने र सेवाग्राहीले सहजतापूर्वक सेवा प्राप्त गर्नसक्ने व्यवस्था सुनिश्चित गर्न वैदेशिक रोजगार विभाग र त्रिभूवन विमानस्थलमा रहने अध्यागमन ईकाईको संस्थागत क्षमता विकास गरी वैदेशिक रोजगारीमा जाने प्रक्रिया र सो को व्यवस्थापनमा सुधारका लागि सम्बन्धित निकायलाई सुझाव पठाईएको छ। त्यसैगरी सम्बद्ध निकायहरूबीचको समन्वयलाई प्रभावकारी बनाउन तथा बैदेशिक रोजगारीको क्रममा विदेशमा अलपत्र परेका र ज्यान गुमाएकाहरूलाई स्वदेश फिर्ता ल्याउन आवश्यक व्यवस्थाका लागि सम्बन्धित निकायमा लेखी पठाईएको।
- त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नती र भौतिक अवस्था सुधार तथा धावनमार्गको गुणस्तर सुधार गर्न र जहाज उडान तथा अवतरण प्रक्रियालाई सहज बनाई सुरक्षित हवाई सेवा सुनिश्चित गर्न नागरिक उड्डयन प्राधिकरण र सम्बद्ध निकायलाई लेखी पठाईएको।
- आम उपभोक्ताहरूले लामो समयसम्म लोडसेडिङको मार खेपिरहेको सन्दर्भमा लोडसेडिङको समस्या समाधानका लागि दीर्घकालीन कार्ययोजना तयार गरी कार्यान्वयन गर्न नेपाल विद्युत प्राधिकरण र सम्बद्ध निकायहरूमा लेखी पठाईएको।

- पोखरा नगर र आसपासमा रहेका ताल तलैयाहरूको संरक्षणका लागि उपयुक्त नीति र कार्ययोजना बनाई कार्यान्वयन गर्न लेखी पठाइएको।
- अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि उपयुक्त नीति तथा प्रक्रिया अवलम्बन गर्न सम्बद्ध निकायलाई लेखी पठाईएको।
- सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउन शिक्षक सेवा आयोगलाई लेखि पठाईएको। साथै निजी विद्यालयले लिने शुल्कको सम्वन्धमा स्पष्ट आधार र मापदण्ड बनाउन तथा सो को प्रभावकारी कार्यान्वयनको निरन्तर अनुगमन तथा मूल्यांकन गर्न सम्बन्धित निकायलाई लेखि पठाईएको।
- काठमाडौं उपत्यका लगायत प्रमूख शहरी क्षेत्रको सडक विस्तार कार्यलाई वर्षा ऋतु शुरु हुनु अगावै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्न सम्वन्धित निकायमा लेखी पठाईएको।
- चीनबाट ल्याईएको नयाँ जहाजबाट समयमा नै नियमित उडान सुचारु गरी यात्रुलाई सेवा उपलव्ध गराउन तथा नेपाल पर्यटन बोर्डमा देखिएको समस्या समाधानका लागि आवश्यक व्यवस्था गर्न संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई लेखी पठाईएको।
- सार्वजनिक यातायात व्यवस्थामा सुधार गर्न तथा सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्न यातायात व्यवस्था मन्त्रालयलाई लेखी पठाईएको।
- सामाजिक व्यवहार सुधार ऐनमा समसामयिक सुधार गर्न सम्बद्ध निकायलाई लेखी पठाईएको।
- काठमाडौं उपत्यका लगायत प्रमुख शहरी क्षेत्रमा सञ्चालनमा रहेका पुराना सवारी साधनहरुबाट वातावरण प्रदुषण लगायतका समस्या बढेकोले त्यस्ता सवारी साधनहरु विस्थापित गर्न आवश्यक व्यवस्था हुन सम्बद्ध निकायलाई लेखी पठाईएको।
- सहकारी संस्थाहरुको स्थापना, सञ्चालन र विकासको लागि दिर्घकालिन नीति तयार गरी कार्यान्वयन गर्न तथा सहकारी मार्फत आम सर्वसाधारणको बचतलाई सुरक्षित र नतिजामुखि रुपमा परिचालन हुने व्यवस्था सुनिश्चित गर्न गौरी बहादुर कार्कीको संयोजकत्वमा गठित आयोगले दिएका उपयुक्त सुझावहरु कार्यान्वयन गर्न सम्बद्ध निकायलाई लेखी पठाईएको।

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत आयोगले विभिन्न क्रियाकलापहरू समावेश गरी आगामी ६ वर्षका लागि संस्थागत रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस अन्तर्गत भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि तथा सरोकार पक्षहरूको परिचालन र सहकार्य जस्ता विषयहरूलाई समावेश गरिएको छ। परिवर्तनका संवाहकको रुपमा रहने युवाहरूलाई भ्रष्टाचार नियन्त्रणका लागि परिचालन गर्ने दिशामा विभिन्न क्रियाकलापहरू संचालन गर्न जोड दिइएको छ। यसका अतिरिक्त आयोगका गतिविधिहरू समेटी रेडियो नेपाल लगायत विभिन्न एफ.एम. रेडियोहरूबाट साप्ताहिक रुपमा कार्यक्रम प्रशारण गर्ने गरिएको छ। क्षेत्रीय र जिल्लास्तरमा कर्मचारी, निजी क्षेत्र, नागरिक समाज लगायतका व्यक्तिहरूसँग अन्तरक्रिया र छलफल सम्वन्धी कार्यलाई सघन रुपमा संचालन गरिएका छन्। त्यसैगरी उच्च माध्यमिक तहका विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक तथा गाउँ विकास समितिका सचिवहरूलाई लक्षित गरी भ्रष्टाचार विरुद्धको सामुदायिक शिक्षा, प्रशिक्षण लगायत विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिदै आएको छ। आयोगको कामकारवाही र गतिविधिहरू समेटी समय समयमा बुलेटिन, ब्रोस्योर, स्मारिका आदि प्रकाशन गर्ने पद्धतिको विकास गरिएको छ। विभिन्न अवसरमा विद्यार्थी लगायत समाजका चेतनशिल समूहहरूबीच प्रतियोगितात्मक निबन्ध तथा कविता लेखन र भिडियो एवम् कार्टुन प्रशारण समेत गरिदै आएको छ।

भ्रष्टाचारको परिवर्तित स्वरुप र नियन्त्रणका लागि बहुपक्षीय सहकार्यलाई आत्मसात् गरी माईती नेपाल, ट्रान्सपरेन्सी इन्टरनेशनल, गोगो फाउण्डेसन, प्रोपब्लिक आदि जस्ता गैरसरकारी संस्थाहरूसँग सहकार्य र साझेदारी बढाईएको छ। यी निकायहरूसँगको सहकार्यवाट अनुभव र विज्ञताको आदानप्रदानमा अभिवृद्धि हुन गई भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक कार्यले थप गति लिने अपेक्षा गरिएको छ।

४. आयोगका चुनौतिहरु

नेपालको अन्तरिम संविधान, २०६३ ले भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई एक स्वतन्त्र र संवैधानिक निकायको रुपमा जिम्मेवारी सुम्पेको छ। संविधानतः आयोगलाई तोकिएको काम, कर्तव्य र जिम्मेवारीको आधारमा भ्रष्टाचार नियन्त्रणका लागि आयोगले एक नेतृत्वदायी निकायको रुपमा भूमिका निर्वाह गर्ने परिकल्पना गरिएको छ। यसै अनुरुप आयोगले भ्रष्टाचार नियन्त्रणका लागि रणनीतिक गन्तव्य र कार्यगत प्राथमिकताहरू निर्धारण गरी कार्यान्वयन गरिरहेको छ। तथापि आयोगलाई सुम्पिएको जिम्मेवारी निर्वाह गर्ने क्रममा आयोग समक्ष थुप्रै चुनौतिहरू पनि नभएका होइनन्। यी चुनौतिहरू मध्ये केही विषयहरू संस्थागत रणनीति, वार्षिक प्रतिवेदन लगायत आयोगका विभिन्न प्रकाशनहरूमा उल्लेख भईसकेका छन्। त्यसैले ती विभिन्न प्रकाशनहरूमा उल्लेख गरिएका विषयका अतिरिक्त आयोगका अन्य चुनौतिहरूलाई संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ।

अहिले आयोगप्रति आम नागरिकको अपेक्षा र भरोसा बढेर गएको देखिन्छ। आयोगमा प्राप्त हुने गरेका गुनासा र उजुरीहरूमा भएको बढोत्तरीले यही तथ्यलाई संकेत गर्दछ। यसरी निरन्तर रुपमा बढ्दो जनअपेक्षालाई सम्बोधन गर्न आयोगको संस्थागत सुदृढीकरण र कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै आयोगका काम कारबाहीहरूलाई वैज्ञानिक, तथ्यपरक र नतिजामुखी बनाई सुशासन कायम गर्ने दिशामा ठोस योगदान पुऱ्याउनु आयोगको अहिलेको प्रमुख चुनौती हो।

भ्रष्टाचारले सदियौंदेखि समाजमा जरा गाडेर रहनुमा हाम्रा सामाजिक व्यवहार र संस्कारहरू पनि केही हदसम्म जिम्मेवार छन्। कतिपय सामाजिक संस्कारहरू भौतिकवादी चिन्तनबाट निर्देशित भएका र धनलाई नै सामाजिक प्रतिष्ठाको आधार मान्ने किसिमका छन्। यसले गर्दा व्यक्ति हरतरहले सम्पत्ति आर्जन गर्न उद्दत रहन्छ भने यस्तो

संस्कारले भ्रष्टाचारलाई सामाजिक मान्यता दिन सघाउ पुऱ्याउँछ। त्यसैले विगतदेखि सामाजिक रुपमा जरा गाडेर रहेका संस्कारहरूमा परिवर्तन गरी सामाजिक मूल्य मान्यतालाई कायम राख्दै सामाजिक मनोवृत्ति र सामाजिक मानसिकतामा परिवर्तन गर्नु निश्चय नै चुनौतिपूर्ण छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुशासन कायम गर्ने सरकारको बृहतर उद्देश्यमा नियमनकारी भूमिकामार्फत योगदान पुऱ्याउने निकाय भएकोले संविधानप्रदत्त दायित्व निर्वाह गर्नु आयोगको प्रमुख कर्तव्य हो तथापि भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्यमा अन्य पात्र र सरोकार पक्षको भूमिका पनि उतिकै आवश्यक हुन्छ। तर सरकारका त्यस्ता निकायहरू अपेक्षित रुपमा सक्रिय र प्रभावकारी बन्न नसक्दा भ्रष्टाचार नियन्त्रणसम्बन्धी सम्पूर्ण कार्य आयोगले नै गर्दछ भन्ने आम सोचाईमा परिवर्तन ल्याई सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सबै सरोकार पक्षहरूसँग सहकार्य अभिवृद्धि गर्नु पनि आयोगको चुनौती हो।

विद्यमान कानुनी व्यवस्था अनुसार आयोगको क्षेत्राधिकारलाई सार्वजनिक क्षेत्रमा मात्र सीमित गरिदिएकोले भ्रष्टाचारको आपूर्ति पक्ष लगायत निजी क्षेत्रलाई आयोगको दायराले समेट्न सकेको छैन। नेपालले भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरिसकेको सन्दर्भमा महासन्धिको अनुमोदनबाट आयोगको कार्यक्षेत्र, दायित्व र जिम्मेवारीहरू पनि विस्तार हुँदै जाने भएकोले महासन्धिको मर्म र उद्देश्य अनुरुप कानुनी संरचनामा सुधार गरी महासन्धिले परिलक्षित गरेका उद्देश्य अनुरुपको दायित्व निर्वाह गर्नुपर्ने चुनौति समेत हाम्रो सामु छ।

आयोगले साना भ्रष्टाचारका विषयहरूलाई मात्र कारवाहीको दायरामा ल्याउने गरेको तर ठूला भ्रष्टाचारका विषयलाई कारवाही नगरेको भन्ने आलोचना समेत हुने गरेको छ। भ्रष्टाचार आयतनमा सानो वा ठूलो भनी परिभाषित गर्ने विषय आफैंमा चुनौतिपूर्ण रहेकोले भ्रष्ट प्रवृत्ति रोक्नु नै बढी

श्रेयस्कर हुने कुरालाई आत्मसात् गर्दै आयोगले आफ्ना कामकारवाहीहरू अगाडि बढाएको छ। आम बुझाईमा ठूला भनी परिभाषित गरिएका भ्रष्टाचारका घटनाहरूलाई कारवाहीको दायरामा ल्याउन आयोग प्रतिबद्ध छ। यद्यपि त्यस्ता भ्रष्टाचारका विषयमा सत्य, तथ्य र यथार्थपरक सूचना प्राप्त गरी ठूला प्रकृतिका भ्रष्टाचारउपर कारवाही गर्ने विषय आयोगका लागि चुनौतीको रूपमा रहेको छ।

नविनतम सूचना र प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरुप, विधि र तरिकाहरूमा पनि परिवर्तन देखिएको छ भने भ्रष्टाचारजन्य कार्यहरूको अनुसन्धान तहकिकात सम्वन्धी कार्य समेत थप जटिल बन्दै गएको छ। त्यसैले भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्रको पहिचान गर्न र भ्रष्टाचारजन्य कार्यको तथ्यपरक र वस्तुगत अनुसन्धान तहकिकात गरी नतिजामूलक र प्रभावकारी वनाउन विद्यमान संस्थागत क्षमतामा विकास गर्नु चुनौतिपूर्ण छ। आयोगको काम कारवाहीको प्रभावकारिता अभिवृद्धि गर्न सूचना प्रविधिको उपयोग गरी विद्युतीय प्रणालीमा आधारित बनाउनुपर्ने आवश्यकता छ। आयोगमा स्वचालित विद्युतीय प्रणालीको विकासलाई प्राथमिकतामा राखिएको भएपनि पर्याप्त श्रोत साधनको अभावमा यसले गति लिन सकेको छैन। त्यसैगरी कर्मचारीहरूको दक्षता अभिवृद्धि गरी आधुनिक प्रविधिको प्रयोगमार्फत अनुसन्धान तहकिकातका कार्यलाई तथ्यपरक, परिष्कृत र प्रभावकारी बनाउनु पनि चुनौतीपूर्ण छ।

समाजका विभिन्न क्षेत्रमा विद्यमान भ्रष्टाचारजन्य क्रियाकलाप र अनियमितताहरूको नियन्त्रणलाई प्रभावकारी बनाउन आयोगको सक्रियतासँगै सरकारी र गैर सरकारी क्षेत्रको सहकार्य र साझेदारिता अपरिहार्य हुन्छ। त्यसैले आगामी दिनमा विभिन्न सरोकार पक्षहरूबीच रचनात्मक सहकार्य र साझेदारी अभिवृद्धि गरी सरकारी स्रोत, साधनको दुरुपयोग र अनियमितता नियन्त्रण गर्न एवम् सुशासनका माध्यमबाट विकास निर्माण कार्यको प्रभावकारिता अभिवृद्धि गर्दै सामाजिक न्यायका

आधारमा विकासको प्रतिफल वितरण हुने अवस्थालाई सुनिश्चित गराउनु समेत आयोगको चुनौती हो।आयोगको काम कारबाहीलाई सार्थक र थप प्रभावकारी बनाउन सरोकार पक्ष, नागरिक समाज, सञ्चार जगत र प्रत्येक सचेत नागरिकको सहयोग अपरिहार्य हुन्छ। भ्रष्टाचारका विषयहरूबारे सूचना दिने लगायत भ्रष्टाचार विरुद्ध सशक्त पहरेदारी गर्नमा गैरसरकारी निकायको भूमिका महत्वपूर्ण रहन्छ। यसै अनुरूप भ्रष्टाचार विरुद्धका क्रियाकलापहरूलाई समन्वित रुपमा संचालन गर्न सकेमा तिनले अपेक्षित नतिजा दिनसक्ने र दीगोपना समेत कायम हुने सन्दर्भमा यस्ता गतिविधिहरूलाई संयोजित रुपमा संचालन गर्नु चुनौतिपूर्ण छ। साथै भ्रष्टाचार विरुद्ध आयोगले अवलम्बन गरेको निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिलाई प्रभावकारी तुल्याउने दिशामा समाजमा जनजागरण अभियान सञ्चालन गर्न युवा, विद्यार्थी लगायत चेतनशील वर्गलाई परिचालन गर्नु पनि चुनौतीपूर्ण छ।

आयोगको सक्रियता र सशक्तताबाट केही स्वार्थ समूहहरूले आफ्नो स्वार्थ अनुरुपको कार्य गर्न बाधा परेको महसुस गरेका छन् भने आयोगलाई बहाना बनाएर कतिपय पदाधिकारीहरूले जिम्मेवारी निर्वाह नगर्ने प्रवृत्ति हावी हुँदै गएको देखिन्छ। यसको परिणामस्वरुप केही स्वार्थ समूहहरूबाट आयोगको सक्रियतालाई प्रभावित गर्ने गरी संगठित प्रतिवादको संस्कृति विकास हुँदै गएको जस्तो देखिन्छ। यस्ता प्रतिरोधी कार्यले निश्चय नै भ्रष्टाचार नियन्त्रण सम्बन्धी अभियानमा द्विविधा र भ्रम सिर्जना गर्नसक्ने कुरालाई नजर अन्दाज गर्न सकिदैन। त्यसैले यस्ता स्वार्थ समूहहरूको क्रियाकलापहरूबाट आयोगको कामकारवाहीमा पर्नसक्ने प्रभावलाई निराकरण गरी अझ सशक्त रूपमा अगाडि बढ्नु आयोगका लागि चुनौतीपूर्ण छ।

त्यसैगरी आयोगको सक्रियताले विकास निर्माण कार्यमा गतिरोध सिर्जना गरेको भन्ने जस्ता आधारहीन आलोचनाहरू पनि समय समयमा हुने

गरेका छन्। आमजनसमुदायलाई भ्रम सिर्जना गर्नसक्ने यस्ता प्रवृत्तिको खण्डन गर्न आयोगले अझ तदारुकता, सक्रियता र तत्परताका साथ कार्य गर्नुपर्ने चुनौति रहेको छ। कानुनी राज्य, मानव अधिकारको सम्मान, सामाजिक न्याय प्रवर्द्धन तथा सर्वसाधारण नागरिकहरूको सरोकार र चासोका विषयमा आयोगले सक्रियता र सशक्तता देखाउँदै आएको भए पनि यसलाई आगामी दिनमा अझ सबल र सशक्त बनाउँदै लैजानु आयोगको चुनौती हो। विगतदेखि राज्य अन्तर्गतका निकायहरूबाट विमुख रहेका गरिब र निमुखा जनताहरूको समन्यायिक अधिकार सुनिश्चित गर्नु र विकासको प्रतिफल समुचित रुपमा प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु नै आयोगको ध्येय हो भन्नेमा शंका नगर्न आयोग विनम्र आग्रह गर्दछ।

मुलुकमा उपलब्ध श्रोत साधनको समुचित परिचलान भए नभएको विषयमा आयोगले निरन्तर निगरानी र अनुगमन गर्दै आएको छ। साथै बाह्य विकास साझेदारहरूबाट प्राप्त अनुदान र ऋण सहायता रकमको पारदर्शी रुपमा प्रयोग गर्न र प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गरी अपेक्षित नतिजा प्राप्त हुने व्यवस्था सुनिश्चित गर्न निरन्तर पहरेदारी समेत गर्दै आएको छ। कतिपय विकास साझेदारहरूले संचालन गरेका विकास कार्यक्रम र प्रवाह गरेको श्रोतको उपयुक्तता र नतिजाको सम्वन्धमा कागजी रुपमा सन्तोषजनक प्रगति प्रतिवेदन देखिए पनि वास्तविक प्रगति भने सो अनुरुप नभएका उदाहरण पनि पाईएका छन्। त्यसैले आयोगले मुलुकको आर्थिक नीति र उद्देश्य अनुरुप सहायताको परिचालन राष्ट्रिय प्रणालीमार्फत भए नभएको विषयमा निरन्तर अनुगमन गर्दै आएको छ।

भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित विभिन्न सरकारी निकायको उपस्थितिले कतिपय सन्दर्भमा कार्यगत अस्पष्टता र दोहोरोपना देखिएको छ। साथै यी विभिन्न निकायहरूबीचको समन्वय समेत प्रभावकारी हुन सकेको छैन। कतिपय अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छल्ने मनसायले मन्त्रिपरिषद्वाट निर्णय गराउने परिपाटी

रहेकोले यसबाट भ्रष्टाचार नियन्त्रण सम्बन्धी उद्देश्य कार्यान्वयनमा केही जटिलता सिर्जना भएको अनुभूत गरिएको छ।

समयक्रमसँगै मानिसका सामाजिक र आर्थिक क्रियाकलापहरूमा विभिन्न परिवर्तनहरू देखिएका छन्। सूचना प्रविधिको विकाससँगै समाज र यसका क्रियाकलापहरू पनि जटिल बन्दै गएका छन्। यसको परिणाम स्वरुप समाजमा विद्युत्तीय अपराध, अकूत सम्पत्ति लुकाउने छिपाउने, लागू पदार्थको ओसारपसार, मानव बेचविखन लगायत अन्य विविध प्रकृतिका अपराधहरू देखापर्न थालेका छन्। यसरी सीमाविहीन अपराधको रुपमा फैलदै गएको भ्रष्टाचार पहिचान गर्ने र त्यसको अनुसन्धान तहकिकात र अभियोजन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउनु चुनौतिपूर्ण छ।

भ्रष्टाचारजन्य कार्यको अनुसन्धान तहकिकात गर्नु चुनौतिपूर्ण र संवेदनशिल काम भएकोले यसको लागि निश्चित योग्यता, दक्षता, विज्ञता र प्रविधिको आवश्यकता पर्दछ। हाल आयोगको आफ्नै जनशक्ति नभएको र नेपाल सरकारको विभिन्न सेवाका कर्मचारीहरूलाई काजमा ल्याई काम गराउनुपर्ने अवस्था छ। यसैले आयोगमा दक्ष र विज्ञ कर्मचारीहरूलाई आकर्षित गर्ने र टिकाई राख्ने तथा उपयुक्त प्रोत्साहन प्रणालीको व्यवस्था गरी कर्मचारीहरूलाई उत्प्रेरित गर्नु चुनौतिपूर्ण देखिएको छ। आयोगले कार्यरत जनशक्तिको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्ने प्रयास गरेको भएपनि श्रोत साधनको सीमितताका कारण अपेक्षित रुपमा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू संचालन गर्न सकिएको छैन।

५. आयोगले हाल अवलम्बन गरेका केही रणनीतिगत पक्षहरू

५.१. भ्रष्टाचार नियन्त्रणका लागि बहुपक्षीय रणनीतिको अवलम्बन

सार्वजनिक पद धारण गरेको जुनसुकै पद र तहको कर्मचारी वा पदाधिकारीले अख्तियारको दुरुपयोग गरेमा नागरिकको सेवा प्राप्त गर्ने अधिकारको हनन् हुन जान्छ। त्यसैले परिमाणमा धेरै वा थोरै भन्दा

